वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ७५ २०८३ असार २४ गते बुधबार, नेपाल सम्वत् ११४६ July 08, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
भञ्ज्याङ bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको www.bhanjyangnews.com
भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।
भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
विश्वसनीय र निष्पक्ष | खोजमुलक पत्रकारिता | विचार र विश्लेषण | सूचना र सन्देश प्रवाह



## सडक पेटीको व्यापार

तनहुँको सदरमुकाम दमौलीस्थित ट्राफिकचोकको सडक पेटीमा तरकारी खरिदबिक्री गरिदै । स्थानीय व्यापारीहरूले ग्रामीण क्षेत्र कृषकहरूले उत्पादन गरेको कृषि उपज खरिद गरी दमौली बजार क्षेत्रमा बिक्री वितरण गर्ने गर्दछन । व्यास नगरपालिकाले व्यवस्थितढंगले कृषि हाटबजार सञ्चालन गर्न नसक्दा व्यापारीहरूले डोकोमा बेकेर तथा सडक पेटीमा बसेर कृषि उपज बिक्री वितरण गर्दै आएका छन् ।

तस्विर : नारायण खड्का/भञ्ज्याङ

# महिलालाई स्वरोजगारतर्फ उन्मुख गराउँदै म्याग्दे गाउँपालिका

## महिलालाई सुगन्धित धुपबत्ती बनाउने व्यावसायिक तालिम

भञ्ज्याङ समाचारदाता/म्याग्दे

महिलाको आर्थिक सशक्तीकरण, स्वरोजगार प्रवर्द्धन तथा स्थानीय स्रोत-साधनमा आधारित उद्यम विकास गर्ने उद्देश्यले तनहुँको म्याग्दे गाउँपालिकाले वडा नं. ५ मा सञ्चालन गरेको तीनदिने सुगन्धित धुपबत्ती बनाउने सीपमूलक तालिम प्रदान गरेको छ । गाउँपालिकाले वडा नं. ५ का ३३ जना महिलालाई स्वरोजगारतर्फ उन्मुख गराउने उद्देश्यले सीपमूलक तालिम प्रदान गरेको हो ।

गाउँपालिकाको आर्थिक विकास शाखाले स्थानीयस्तरमै उपलब्ध कच्चा पदार्थको उपयोग गरी न्यून लगानीमा गुणस्तरीय धुप उत्पादन गर्न सकिने ज्ञान र सीप विकासमा केन्द्रित गरेको थियो । धार्मिक तथा सांस्कृतिक गतिविधिमा धुपको बढ्दो प्रयोग र बजारको उच्च मागलाई मध्यनजर गर्दै महिलालाई आयआर्जनसँग जोड्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको आर्थिक विकास शाखा प्रमुख प्रदीप न्यौपानेले जानकारी दिए ।

तीन दिनसम्म सञ्चालन भएको तालिममा प्रमुख प्रशिक्षक पवित्रा लामिछानेले धुपबत्ती उत्पादनको सम्पूर्ण प्रक्रिया व्यवहारिक रूपमा सिकाएकी थिइन् । सहभागीलाई कच्चा पदार्थ छनोट, मिश्रण तयार गर्ने विधि, बत्ती बनाउने प्रक्रिया, सुकाउने तरिका, गुणस्तर परीक्षण, सुरक्षित भण्डारण, प्याकेजिङ, लेबलिङ, मूल्य निर्धारण तथा बजार व्यवस्थापनका विषयमा प्रशिक्षण दिइएको थियो । सहायक प्रशिक्षक राममाया श्रेष्ठले व्यवहारिक अभ्यासमा सहजीकरण गरेकी थिइन्।

तालिम समापन गर्दै गाउँपालिका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले महिलाको आर्थिक सशक्तीकरण गाउँपालिकाको प्रमुख प्राथमिकतामध्ये एक भएको उल्लेख गरे । तालिमबाट सिकेको सीपलाई व्यवसायमा रूपान्तरण गर्न आग्रह गर्दै उनले भने, 'तालिम प्रमाणपत्रका लागि मात्र होइन, आयआर्जन र आत्मनिर्भरताको आधार बन्नुपर्छ । उद्यमशील महिलालाई आवश्यक प्राविधिक सहयोग, सहजीकरण र सम्भव भएसम्म बजार व्यवस्थापनमा गाउँपालिकाले साथ दिने छ ।'



गाउँपालिका उपाध्यक्ष बालकृष्ण घिमिरेले स्थानीय उत्पादनलाई प्रतिस्पर्धी बनाउन गुणस्तर, आकर्षक प्याकेजिङ र प्रभावकारी बजार व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने बताए। स्थानीय उत्पादनले राष्ट्रिय बजारसम्म पहुँच बनाउन सक्ने सम्भावना रहेको उनको भनाइ थियो ।

प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले तालिमको वास्तविक उपलब्धि सहभागीले व्यवसाय सञ्चालन गरेपछि मात्रै देखिने उल्लेख गर्दै सामूहिक उद्यममार्फत उत्पादन लागत घटाउन र बजार विस्तार गर्न सहज हुने धारणा व्यक्त गरे। उनले स्थानीय उत्पादनलाई गाउँपालिकाको पहिचानसँग जोड्ने योजनामा प्रशासनको पूर्ण सहयोग रहने बताए।

कार्यक्रमका सभापति तथा वडा नं. ५ का वडा अध्यक्ष शिवबहादुर आलेले वडा नं. ५ लाई सुगन्धित धुप उत्पादनको 'पकेट क्षेत्र'का रूपमा विकास गर्ने लक्ष्य रहेको घोषणा गरे । स्थानीय ब्रान्ड स्थापना गरी व्यावसायिक उत्पादन र बजार विस्तारमार्फत महिलाको आय वृद्धि गर्ने योजना रहेको उनले बताए ।

तालिममा सहभागी शारदा उपरकोटीले कार्यक्रमबाट नयाँ सीप हासिल भएको बताउँदै घरायसी कामसँगै धुप उत्पादन व्यवसाय सञ्चालन गर्न सकिने विश्वास व्यक्त गरिन् । सहभागी महिलाहरूले सामूहिक रूपमा उत्पादन समूह गठन गरी गाउँपालिकाको सहयोगमा बजार विस्तार गर्ने योजना बनाएको बताएका छन् ।

गाउँपालिकाका अनुसार तालिमलाई केवल सीप हस्तान्तरणमा सीमित नराखी सहभागीलाई उद्यम स्थापना, समूह गठन, परामर्श सेवा तथा बजारसँग जोड्ने कार्यलाई पनि निरन्तरता दिइनेछ। यसबाट महिलाको आर्थिक आत्मनिर्भरता बढ्नुका साथै वडा नं. ५ सुगन्धित धुप उत्पादनको नयाँ पहिचान स्थापित हुने अपेक्षा गरिएको छ ।

# पोखरा-मुग्लिन सडक आयोजनाको तेश्रोपटक म्याद थप

भञ्ज्याङ समाचारदाता/कास्की

मुग्लिन सडक स्तरोन्नति आयोजना तेश्रोपटक म्याद थप गरिएको छ । दोश्रो पटक थपिएको समय सीमा पनि गुज्रिएपछि आयोजनालाई आगामी मङ्सिर १० गतेसम्म अन्तिम समय दिइएको हो । मुग्लिन-पोखरा सडक आयोजना (पश्चिम खण्ड)का आयोजना प्रमुख कृष्णबहादुर कुँबरका अनुसार यसअघि थपिएको म्याद असार १५ गतेसम्म रहे पनि निर्माण पूरा हुन नसकेपछि फेरि समय थपिएको हो । उनले अब थपिएको समय अन्तिम भएको उल्लेख गर्दै तोकिएकै अवधिमा काम सम्पन्न हुने दाबी गरे ।

एसियाली विकास बैंक (एडीबी) को ऋण सहयोगमा पाँच वर्षअघि सुरू भएको पृथ्वीराजमार्ग स्तरोन्नति आयोजनाअन्तर्गत तनहुँको जामुनेदेखि पोखराको सेतीपुलसम्मको ३८.७१ किलोमिटर सडक पश्चिम खण्डमा पर्छ। यस क्षेत्रमा बजारमा छ लेन र पहाडी क्षेत्रमा चार लेन सडक निर्माण भइरहेको छ । आयोजनाका अनुसार हालसम्म ८२.३७ प्रतिशत भौतिक प्रगति भएको छ ।

वर्षाका कारण चैत-वैशाखमा काम प्रभावित हुनु, मध्यपूर्वमा जारी द्वन्द्वका कारण पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या आउनु तथा निर्माण सामग्रीको मूल्यवृद्धिले कामको गति सुस्त बनेको आयोजनाको भनाइ छ। उनले भने, "अहिले थप गरिएको समय अन्तिम हो, अब पनि म्याद थप हुँदैन । धेरै काम बाँकी नभएकाले तोकिएको समयमा सम्पन्न हुन्छ । सोही अनुसार निर्माण कम्पनीले प्रतिवद्धता जनाएको छ ।"

हाल करिब १० किलोमिटर सर्भिस लेन, ट्राफिक सुरक्षासम्बन्धी संरचना, सडक मार्किङ, थर्मोप्लास्टिक पेन्ट तथा 'डब्लु बिम रोड सेफ्टी ब्यारियर' जडान बाँकी छ । पोखरा विश्वविद्यालय अगाडिको एकतर्फी कालोपत्रे र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नजिक विद्युतका पोल स्थानान्तरण हुन बाँकी रहेकाले त्यहाँ सर्भिस लेन निर्माण प्रभावित भएको छ ।

आयोजनाका सूचना अधिकारी अनन्त बरालका अनुसार कालोपत्रे सम्पन्न भएका क्षेत्रमा सर्भिस लेन, सडक सुरक्षा तथा मार्किङको काम तीव्र पारिएको छ भने तनहुँतर्फ अधिकांश स्थानमा 'डब्लु बिम' जडान सम्पन्न भइसकेको छ ।

आयोजनाको पश्चिम खण्ड निर्माणका लागि चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सनसँग रू सात अर्ब ४० करोडमा ठेक्का सम्झौता भएको थियो। निर्माण सम्झौता २०७८ जेठ २ गते भएको र २०७८ भदौ १२ गतेदेखि निर्माण सुरू गरिएको थियो ।

पोखरालाई संघीय राजधानी काठमाडौँसँग जोड्ने मुख्य राजमार्गका रूपमा रहेको यो सडक स्तरोन्नतिले यात्रालाई थप सहज बनाएको भए पनि बारम्बार म्याद थपिँदा आयोजना सम्पन्न हुने समय भने लम्बिँदै गएको छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# सीपसंग जोडिंदै महिला

नेपालका अधिकांश स्थानीय तहले महिला सशक्तीकरणका नाममा विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छन् । तर तीमध्ये कतिपय कार्यक्रम औपचारिकतामा सीमित हुने गरेका छन् । तालिम सम्पन्न भयो, प्रमाणपत्र वितरण गरियो र कार्यक्रम सकियो भन्ने प्रवृत्तिले अपेक्षित परिणाम दिन सक्दैन । वास्तवमा महिलाको आर्थिक सशक्तीकरण त्यतिबेला मात्र सम्भव हुन्छ, जब तालिमले आयआर्जनको बाटो खोल्छ, उद्यम स्थापना हुन्छ र उत्पादनले बजार पाउँछ । यही दृष्टिले हेर्दा तनहुँको म्याग्दे गाउँपालिकाले वडा नं. ५ मा सञ्चालन गरेको सुगन्धित धुपबत्ती बनाउने सीपमूलक तालिम सकारात्मक र परिणाममुखी प्रयासका रूपमा देखिन्छ । महिलाको आर्थिक अवस्था बलियो भए परिवार, समाज र समग्र स्थानीय अर्थतन्त्रमा सकारात्मक परिवर्तन आउँछ । आर्थिक रूपमा आत्मनिर्भर महिला आफ्ना निर्णय आफैँ गर्न सक्षम हुन्छिन्, परिवारको आय बढ्छ, बालबालिकाको शिक्षा र स्वास्थ्यमा लगानी बढ्छ तथा समाजमा महिलाको सम्मान पनि उकासिन्छ। त्यसैले महिला सशक्तीकरण केवल अधिकारको विषय मात्र होइन, आर्थिक अवसरसँग प्रत्यक्ष जोडिएको विषय पनि हो।

नेपालका ग्रामीण क्षेत्रमा आज पनि धेरै महिलासँग काम गर्ने इच्छा र क्षमता भए पनि अवसरको अभाव छ । सीमित खेतीपाती, वैदेशिक रोजगारीमा निर्भर परिवार र बढ्दो महँगीका बीच घरमै बसेर गर्न सकिने साना उद्यमको आवश्यकता दिनप्रतिदिन बढ्दै गएको छ । यस्ता अवस्थामा स्थानीय स्रोत–साधनको उपयोग गरी कम लगानीमा सञ्चालन गर्न सकिने उद्योगले ठूलो सम्भावना बोकेको हुन्छ। सुगन्धित धुपबत्ती उत्पादन त्यस्तै सम्भावना भएको उद्यममध्ये एक हो । धार्मिक, सांस्कृतिक तथा सामाजिक परम्परासँग जोडिएको धुपको प्रयोग नेपालमा वर्षभरि हुन्छ । मठमन्दिर, पूजा–आराधना, घरायसी संस्कार तथा विभिन्न धार्मिक कार्यक्रममा धुपको नियमित प्रयोग हुने भएकाले यसको बजार स्थिर छ । बजारमा माग भइरहने वस्तु उत्पादन गर्न सकिए उद्यमको जोखिम पनि तुलनात्मक रूपमा कम हुन्छ। यही सम्भावनालाई पहिचान गर्दै स्थानीय महिलालाई सीप प्रदान गर्नु दूरदर्शी सोच हो। तर सीप सिकाउनु मात्र पर्याप्त हुँदैन । तालिमपछि उत्पादन सुरू गर्ने वातावरण बनाउनु सबैभन्दा महत्वपूर्ण पक्ष हो। नेपालमा धेरै तालिमहरु यसै कारण प्रभावहीन भएका छन् कि सहभागीले सिकेको सीप व्यवहारमा उतार्ने अवसर पाएका छैनन्। कच्चा पदार्थको अभाव, प्रारम्भिक लगानीको समस्या, बजार नपाउनु, ब्रान्डिङ र प्याकेजिङको ज्ञानको कमी तथा निरन्तर प्राविधिक सहयोग नपाउँदा धेरै उद्यम सुरूवातमै बन्द हुने गरेका छन्। त्यसैले स्थानीय तहले तालिमसँगै पछिल्लो चरणको सहजीकरणलाई पनि समान महत्व दिनुपर्छ ।

म्याग्दे गाउँपालिकाले सहभागीलाई समूह गठन, उद्यम स्थापना, परामर्श सेवा तथा बजारसँग जोड्ने प्रतिबद्धता जनाएको छ । यदि यो प्रतिबद्धता व्यवहारमा उतार्न सकियो भने तालिमको वास्तविक उपलब्धि देखिनेछ। महिलाले सामूहिक रूपमा उत्पादन गर्दा लागत घटाउन, गुणस्तर कायम गर्न र बजार विस्तार गर्न सजिलो हुन्छ। सहकारी वा उत्पादन समूहमार्फत सञ्चालन गरिने उद्यम दीर्घकालीन हुने सम्भावना पनि बढी हुन्छ। आजको बजारमा उत्पादनको गुणस्तर जति महत्वपूर्ण छ, प्याकेजिङ, लेबलिङ र ब्रान्डिङ पनि त्यत्तिकै आवश्यक छ। उपभोक्ताले गुणस्तरीय र आकर्षक रूपमा प्रस्तुत गरिएको वस्तुलाई प्राथमिकता दिन्छन्। त्यसैले स्थानीय उत्पादनलाई राष्ट्रिय बजारमा पुर्‍याउन आधुनिक प्याकेजिङ, गुणस्तर परीक्षण र बजार प्रवर्द्धनमा विशेष ध्यान दिनुपर्छ । स्थानीय सरकार, उद्योग वाणिज्य संघ, सहकारी संस्था तथा निजी क्षेत्रबीच सहकार्य हुन सके यस्ता उत्पादनले राम्रो बजार पाउन सक्छन् । यस्ता तालिमले अर्को महत्वपूर्ण सन्देश पनि दिन्छन् । विकासका लागि सबै नागरिक शहरतिर वा वैदेशिक रोजगारीतर्फ जानैपर्छ भन्ने सोच अब परिवर्तन हुनुपर्छ। गाउँमै उपलब्ध स्रोत, स्थानीय सीप र सामूहिक प्रयासबाट पनि सम्मानजनक आम्दानी गर्न सकिन्छ। साना उद्यमहरूको विस्तारले स्थानीय अर्थतन्त्र चलायमान बनाउँछ, रोजगार सिर्जना गर्छ र गाउँबाट हुने पलायनलाई समेत केही हदसम्म रोक्न सहयोग पुर्‍याउँछ ।

महिला उद्यमशीलताको विकास अहिले केवल सामाजिक आवश्यकता मात्र होइन, आर्थिक रणनीति पनि हो । संघीय शासन प्रणालीमा स्थानीय सरकारको सफलता नागरिकको जीवनस्तरमा आएको परिवर्तनबाट मापन हुन्छ । यदि तालिमपछि उत्पादन सुरू हुन्छ, उत्पादनले बजार पाउँछ र महिलाको आम्दानी बढ्छ भने त्यही स्थानीय सरकारको वास्तविक उपलब्धि हुनेछ । म्याग्दे गाउँपालिकाले वडा नं. ५ लाई सुगन्धित धुप उत्पादनको 'पकेट क्षेत्र' बनाउने लक्ष्य सार्वजनिक गरेको छ । यो लक्ष्य स्वागतयोग्य छ, तर यसलाई घोषणामै सीमित नराखी योजनाबद्ध कार्यान्वयन गर्नुपर्छ । नियमित अनुगमन, आवश्यक उपकरण, सहुलियत ऋण, उत्पादनको बजारीकरण तथा ब्रान्ड प्रवर्द्धनलाई सँगसँगै अघि बढाउन सके मात्र यसले अपेक्षित सफलता हासिल गर्न सक्छ । महिलालाई आत्मनिर्भर बनाउने सबैभन्दा प्रभावकारी माध्यम अवसर र सीप हो। सीपले आत्मविश्वास दिन्छ, उद्यमले आम्दानी दिन्छ र आम्दानीले सम्मानपूर्ण जीवनको आधार तयार गर्छ । त्यसैले स्थानीय तहहरूले यस्ता कार्यक्रमलाई निरन्तरता दिंदै तालिमलाई प्रमाणपत्रमा होइन, उत्पादन, उद्यम र समृद्धिसँग जोड्न सके मात्र महिला सशक्तीकरणको वास्तविक उद्देश्य पूरा हुनेछ। यही बाटोले आत्मनिर्भर परिवार, सक्षम समुदाय र समृद्ध स्थानीय अर्थतन्त्र निर्माण गर्न सकिन्छ ।

# हामीले पढ्न त सिक्यौं, तर के पढ्ने भन्ने बिर्सियौं

शिक्षा मानिसको जीवन बदल्ने सबैभन्दा शक्तिशाली माध्यम हो। तर शिक्षा केवल अक्षर चिन्ने वा डिग्री हासिल गर्ने प्रक्रिया मात्र होइन, त्यसले व्यक्तिको सोच, व्यवहार, जिम्मेवारीबोध र जीवन जिउने शैलीलाई पनि परिष्कृत गर्नुपर्छ। आज हाम्रो समाजमा एउटा गम्भीर प्रश्न उठ्न थालेको छ– हामीले पढ्न त सिक्यौं, तर वास्तवमा के पढ्ने, किन पढ्ने र सिकेको ज्ञान कहाँ प्रयोग गर्ने भन्ने कुरा बिस्तारै बिर्सिंदै गएका छौं।

केही दशकअघिसम्म गाउँका बालबालिकाको दिनचर्या निकै फरक थियो। बिहानै उठेर घरायसी काम गर्ने, गाईभैंसीको हेरचाह गर्ने, घाँस–दाउरा गर्ने र त्यसपछि सरकारी विद्यालयमा पढ्न जाने चलन सामान्य थियो। अभावका बीच पनि उनीहरु मेहनत गर्थे, पढ्थे र समाजका जिम्मेवार नागरिक बन्थे। त्यही पुस्ताबाट शिक्षक, डाक्टर, वकिल, प्रशासक र विभिन्न क्षेत्रमा सफल व्यक्तित्व जन्मिए ।




आज अवस्था बदलिएको छ। सरकारी विद्यालयप्रतिको विश्वास कमजोर बन्दै गएको छ भने निजी विद्यालयमा पढाउनु प्रतिष्ठाको विषय जस्तै बनाइएको छ। अभिभावकले महँगो शुल्क तिरेर छोराछोरीलाई डिग्री दिलाइरहेका छन्, तर त्यसबाट प्राप्त शिक्षाले जीवन र समाजप्रतिको उत्तरदायित्व कति बढायो भन्ने प्रश्न भने अझै अनुत्तरित छ।

आजका बालबालिका र युवाहरु प्रविधिसँग निकै नजिक छन्। मोबाइल, इन्टरनेट र सामाजिक सञ्जालले ज्ञानको विशाल संसार खोलेका छन्। तर यही प्रविधिको सकारात्मक उपयोगभन्दा मनोरञ्जन, लत र समयको दुरूपयोग बढी भइरहेको देखिन्छ। पुस्तक पढ्ने बानी घट्दो छ। हस्तलेखन कला हराउँदै गएको छ। भाषा, साहित्य र सिर्जनाप्रतिको आकर्षण कमजोर बन्दै गएको छ। देशभर पुस्तकालय र वाचनालय सञ्चालनमा आए पनि त्यहाँ युवा पुस्ताको उपस्थिति अपेक्षाकृत न्यून छ।

गाउँका खुला चौरमा खेलिने परम्परागत खेलहरु पनि हराउँदै गएका छन्। कबड्डी, डन्डीबियो, लुकामारी, फुटबल, भलिबलजस्ता खेलले बालबालिकालाई शारीरिक र सामाजिक रूपमा सक्रिय बनाउँथे। अहिले ती चौर सुनसान छन्, किनकि खेलाडी मोबाइलको पर्दाभित्र सीमित भएका छन्।

राजनीतिक परिवर्तनसँगै विद्यालय र शिक्षण संस्थामा पनि विभिन्न प्रभाव देखिए। शिक्षणभन्दा राजनीति बढी हाबी हुने प्रवृत्तिले विद्यालयको वातावरण प्रभावित भयो। विद्यार्थीको अध्ययन, अनुशासन र भविष्यमा त्यसको असर परेको यथार्थलाई नकार्न सकिँदैन।

प्रविधि आफैंमा समस्या होइन। समस्या यसको गलत प्रयोग हो। आज अश्लील सामग्री, हिंसात्मक दृश्य र गलत सूचनामा युवाको सहज पहुँच छ। जब मन र मस्तिष्कमा नकारात्मक प्रभाव बढ्छ, त्यसले व्यवहार र चरित्रमा पनि असर पार्छ। यही कारण समाजमा अपराध, हिंसा, लागुऔषध दुर्व्यसन र पारिवारिक विघटनका घटना बढ्दै गएको चिन्ता व्यक्त गर्नुपर्ने अवस्था आएको छ।

हाम्रो समाज परिवर्तनको क्रममा छ। केही परिवर्तन आवश्यक र सकारात्मक छन् भने केहीले सामाजिक सम्बन्ध र मानवीय मूल्य कमजोर बनाएका छन्। संयुक्त परिवार विघटन हुँदै गएका छन्। वृद्धवृद्धा वृद्धाश्रममा पुग्न बाध्य भएका छन्। बालबालिका सानै उमेरदेखि डे–केयर र बोर्डिङको जिम्मामा छन्। गाउँका खेतबारी बाँझिँदै गएका छन्। कृषि गर्ने जनशक्ति विदेशिएको छ। उत्पादन घट्दो छ, उपभोग बढ्दो छ।

हामीले आधुनिकता त स्वीकार गरेका छौं, तर आधुनिकताको अर्थ श्रमबाट टाढिनु, कृषि र प्रकृतिलाई बेवास्ता गर्नु वा पारिवारिक जिम्मेवारी बिर्सनु होइन। विज्ञान र प्रविधिले जीवन सहज बनाउनुपर्छ, जीवनका आधारभूत मूल्य विस्थापित गर्न होइन ।

आजको पुस्तामा एउटा भ्रम देखिन्छ– डिग्री नै शिक्षा हो भन्ने। वास्तवमा शिक्षा भनेको व्यवहारमा देखिने ज्ञान हो। आफूले सिकेको कुरा परिवार, समाज, कृषि, उत्पादन, वातावरण र राष्ट्र निर्माणमा प्रयोग गर्न सक्नु नै वास्तविक शिक्षाको परिचय हो। केवल प्रमाणपत्रले मात्र शिक्षित बनाउँदैन।

युवाहरूले मनोरञ्जनका सामग्री मात्र होइन, जीवन उपयोगी पुस्तक पनि पढ्न आवश्यक छ। इतिहास, जीवनी, विज्ञान, कृषि, दर्शन, साहित्य, नैतिक शिक्षा र समाजबोधका पुस्तकले सोचको दायरा फराकिलो बनाउँछन्। पुस्तकले विवेक दिन्छ, विवेकले सही निर्णय गर्न सिकाउँछ।

आज आवश्यक परेको शिक्षा भनेको श्रमको सम्मान गर्ने, माटोसँग प्रेम गर्ने, परिवारप्रति उत्तरदायी बन्ने, समाजसँग सहकार्य गर्ने र राष्ट्रप्रति दायित्वबोध जगाउने शिक्षा हो। खेतबारी, गोठ, प्रकृति र उत्पादनसँग जोडिएको ज्ञान पनि विश्वविद्यालयको ज्ञानजत्तिकै महत्वपूर्ण हुन्छ।

देशको विकास सरकारको मात्र जिम्मेवारी होइन। सक्षम, स्वाभिमानी र जिम्मेवार नागरिक बिना समृद्ध राष्ट्र निर्माण सम्भव हुँदैन। त्यसैले आजको पुस्ताले डिग्रीसँगै जीवन पढ्न, समाज बुझ्न र माटोसँगको सम्बन्ध बलियो बनाउन आवश्यक छ । हामीले पढ्न त सिक्यौं, तर अब के पढ्ने र सिकेको ज्ञान कहाँ प्रयोग गर्ने भन्ने प्रश्नको सही उत्तर खोज्ने बेला आएको छ । शिक्षा तब मात्र सार्थक हुन्छ, जब त्यसले व्यक्तिलाई असल नागरिक, जिम्मेवार सन्तान, मेहनती कर्मयोगी र समाज परिवर्तनको संवाहक बनाउँछ ।

www.bhanjyangnews.com

## तपाईको आज

| मेष | वृष | मिथुन | कर्कट | सिंह | कन्य |
|---|---|---|---|---|---|
| सहयोगीहरूले राम्रो फाइदा दिलाउनेछन्। रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ। | उद्योग र व्यापारमा मनग्य फाइदा हुनेछ। मिहिनेतले जीवनशैलीमा सुधार ल्याउनेछ। | प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ। बोली–व्यवहारमा अलि सजग रहनुपर्ला। | हातबाट लक्ष्मी बाहिरिने सम्भावना देखिएकाले कर्जा र उधारो व्यापारमा चनाखो रहनुपर्नेछ। | नियमित काममा भने साबिकजस्तै फाइदा भइरहनेछ। सावधानीले मात्र कार्यसिद्धि हुनेछ। | आफन्तसँग भेटघाट हुनाले परिवेश उल्लासमय रहनेछ। नयाँ कामको प्रस्ताव आउनेछ । |

| तुला | वृश्चिक | धनु | मकर | कुम्भ | मीन |
|---|---|---|---|---|---|
| प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ। रचनात्मक काम प्रारम्भ गर्ने समय छ। | सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि नयाँ काम गर्न हौसला प्रदान गर्नेछ। | अरूको फाइदाका लागि उपयोग भइनेछ भने आफ्ना लागि परिस्थिति अलि प्रतिकूल रहनेछ। | केही अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ने समय छ। ईर्ष्या गर्नेहरूले काममा अवरोध पुर्‍याउलान्। | उपलब्धि प्राप्त गर्न केही कुरा त्याग्नुपर्ला। काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ने देखिन्छ। साथ दिनेहरु बढ्नेछन्। | मिहिनेतले आंशिक सफलता प्राप्त हुनेछ। आर्थिक फाइदा कमै भए पनि कामले ज्ञान दिलाउनेछ। |



## रानीकुँवामा पिउने पानी भर्दै वृद्ध

लमजुङको बेंसीसहर नगरपालिका–३ स्थित रानीकुँवाको पानी बोतलमा भर्दै स्थानीय ८६ वर्षीय माधवप्रसाद घिमिरे । स्थानीय वृद्धवृद्धाको भनाई अनुसार यस कुवाको पानी मीठो हुने भएकोले लमजुङ दरबारमा तत्कालीन समयमा रानीहरूले सुसारेमार्फत यहाँबाट पानी लागेर खाने गरेका थिए ।

*तस्बिरः जनक श्रेष्ठ/रासस*

# विषादीरहित तरकारी उत्पादन गर्दै बुलिङ्टारका किसान

**रासस**/नवलपुर

नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को बुलिङ्टार गाउँपालिकाका किसान विषादीरहित तरकारी उत्पादनमा जुटेका छन् । तरकारी तथा अन्नबालीमा विषादीबाट हुने क्षतिका बारेमा जानकारी पाएपश्चात् यहाँका किसान खेतबारीमा रासायनिक विषादीलाई निरूत्साहित गर्दै प्राङ्गारिक खेतीतर्फ अग्रसर भएका हुन् ।

बुलिङ्टार गाउँपालिका–१ की पहलसिं सारू मगरले स्थानीय सामग्रीबाट झोलमल तयार पारेर अन्नबालीमा प्रयोग गर्न थालेको बताउनुभयो । "हामीले झोल मल–१, झोल मल–२ र झोल मल–३ तयार पारेका छौँ", उहाँले भन्नुभयो, "तीनवटै झोल मलको प्रयोग फरकफरक काममा लागि हुन्छ ।" मल–१ माटो सुधारका लागि, मल–२ कीराको सङ्क्रमणबाट जोगिन तथा मल–३ कीरा भगाउनका लागि प्रयोग गर्ने गरिएको मगरले जानकारी दिनुभयो ।

झोल मल बनाउँदा स्थानीयस्तरमा उत्पादन हुने असुरो, खुर्सानी, लसुन, अदुवा, निमपत्ता, गाईको पिसाबलगायत सामग्री प्रयोग हुने उहाँको भनाइ छ । यहाँका किसानलाई प्राङ्गारिक खेती गर्न प्रेरित गर्ने उद्देश्यले गाउँपालिकाले विभिन्न संघसंस्थाको सहयोगमा अभिमुखीकरण तालिम सञ्चालन गरेको थियो ।

बुलिङ्टार गाउँपालिकाको कृषि शाखाका प्राविधिक सहायक विष्णु ढकालले पालिकाभित्रका कृषक पछिल्लो समय प्राङ्गारिक खेतीतर्फ अग्रसर भएका बताउनुभयो। "यहाँका किसानले पहिला अत्यधिक विषादी र रासायनिक मल प्रयोग गरेर अन्नबाली उब्जनी गर्ने गर्नुहुन्थ्यो", उहाँले भन्नुभयो, "हिजोआज कृषकमा सचेतना बढेको छ, विषादीले पुऱ्याउने हानिबारे जानकारी पाएपछि उहाँहरु प्राङ्गारिक खेतीतर्फ आकर्षित हुनुभएको हो ।"

पालिकाले कृषकलाई प्राङ्गारिक खेतीतर्फ आकर्षित गर्न विभिन्न समयमा तालिम दिने तथा विभिन्न स्थानीय प्रजातिका तरकारी बालीका बीउ उपलब्ध गराउन विभिन्न संस्थासँग सहकार्य गरिदिने काम गरेको ढकालले बताउनुभयो।

यहाँका किसानले उत्पादन गर्ने गरेको तरकारी स्थानीय बजारसँगै कावासोती, गैँडाकोट र नारायणघाटसम्म पुग्ने गरेको छ। स्थानीय खुमसरा आले मगरले आफूहरूले काँक्रो, टमाटर, भिण्डी, करेला, बोडी, फर्सी, काउली, बन्दालगायत तरकारी उत्पादन गरेर बिक्रीवितरण गर्दै आएको बताउनुभयो । "विषादी प्रयोग नगरी उत्पादन गरिएको तरकारीको माग धेरै छ", उहाँले भन्नुभयो, "हामीले उत्पादन गरेको तरकारी बेच्नका लागि बजारको समस्या हुने गरेको छैन ।"

बुलिङ्टारका कृषकले उत्पादन गरेको तरकारी घरबाटै बिक्री हुँदै आएको मगरले बताउनुभयो । "हामीले थोरै थोरै उत्पादन गरेमा यहाँका होटलमा लैजान्छन्, उत्पादन धेरै भयो भने कावासोती तथा नारायणघाटबाट व्यापारी गाडी लिएर आउँछन्", उहाँले भन्नुभयो, "तरकारीले उचित बजार भाउ पाउँदा हामीलाई राम्रो फाइदा हुने गरेको छ ।" तरकारी बिक्रीबाट हुने आम्दानीले दैनिक घरखर्ची चलाउनुका साथै केटाकेटीको शिक्षामा खर्च गर्दै केही रकम सहकारीमा बचत गर्न पुग्ने गरेको उहाँको भनाइ छ ।

आफूले नमुना प्लट निर्माण गरेर तरकारीखेती गर्दै आएको मगरले जानकारी दिनुभयो । "हामीले भक्तपुरे काँक्रो लगाएका छौँ, घरबाटै प्रतिकिलोको रू ५० मा बिक्री हुने गरेको छ", उहाँले भन्नुभयो । प्राङ्गारिक खेती गर्न थालेपछि आफूहरूलाई रासायनिक मलको अभावमा पनि समस्या नहुने भन्दै उहाँले विषादीबाट हुने स्वास्थ्यसम्बन्धी समस्याको चिन्ता पनि हराएको बताउनुभयो ।

विषादीरहित तरकारीखेती सुरु गरेपछि सुरक्षित पर्यावरणसँगै स्वास्थ्य राम्रो भएको भन्दै स्थानीय कृषक खुसी भएकाश न् । स्थानीय कृषक टकबहादुर खण्डलुकले पहिला हाइब्रिड खेती गर्ने गरेकामा अहिले स्थानीय प्रजातिका तरकारी तथा अन्नबाली खेती सुरू गरेको बताउनुभयो ।

"अहिले हामी पर्यावरणीय कृषि गरिरहेका छौँ, यसबाट पनि हुँदो रहेछ भन्ने कुरा प्रमाणित हुँदै गएको छ", उहाँले भन्नुभयो, "हामी आफैँले विषादीरहित तरकारी उत्पादन गर्न थालेपछि बजारबाट ल्याएको तरकारी हाम्रो भान्छामा पाक्न छोडेको छ ।"

स्थानीय कृषकले विषादीरहित तरकारी उत्पादन सुरू गरेपछि बजारबाट ल्याइने विषादीयुक्त तरकारी प्रयोग गर्न नपरेको भन्दै उहाँले भन्नुभयो, "हामीले पर्यावरणीय हिसाबले लगाएको तरकारी बाली नै हामीले खाएका छौं, त्यसकारणले अहिले हामी स्वस्थ पनि छौं, धेरै खुसी पनि छौं ।"

केही वर्ष अगाडिसम्म नवलपुरको विकट पहाडी क्षेत्रका रूपमा रहेको बुलिङ्टार गाउँपालिकालाई कालीगण्डकी करिडोरले छोएपछि अहिले यहाँ उत्पादन भएका कृषिजन्य सामग्री सहजै बजार केन्द्रसम्म पुग्ने गरेका छन् । यहाँबाट संकलन गरिएका कृषिउपज एकघण्टा भित्रमा नारायणघाट सहितका बजार केन्द्रमा पुऱ्याइने गरेको कृषकहरु बताउँछन्।


## शिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०८३/०३/२३*

देवघाट गाउँपालिका तनहुँको मिति २०८३/०३/२३ गते च.नं. १३८० को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा **प्राथमिक तह** तृतीय श्रेणीको रिक्त दरबन्दीमा एक जना करार शिक्षक नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपसिल**

**विज्ञापन नं.** : ०२/२०८२/०८३

१) **पद** : प्राथमिक तह तृतीय श्रेणी (करार)
२) **आवश्यक संख्या** : १ (एक) जना
३) **शैक्षिक योग्यता** : प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह
४) **दरखास्त शुल्क** : १०००/- (एक हजार रूपैयाँ)
५) **तलब** : नेपाल सरकारले तोके बमोजिम
६) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
७) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमती पत्रको प्रतिलिपि, तालिम वा अनुभवपत्र, हस्तलिखित निवेदन, निरोगिताको प्रमाणपत्र ।
८) **परीक्षाको किसिम** : लिखित र मौखिक ।
९) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०४/०५ गतेसम्म ।
१०) **सम्पर्क मिति** : २०८३/०४/०५ गते विद्यालय समय भित्र ।
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

**नोट** : विज्ञान विषय र माथिल्लो योग्यता भएको, अनुभवी र कम्प्युटर सम्बन्धी ज्ञान भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

प्रधानाध्यापक

**श्री गोर्खा कालिका आधारभूत विद्यालय**

देवघाट गाउँपालिका–३, ल्हुङ्ग्रीङ्, तनहुँ ।
सम्पर्क : ९८४६८०८३३०, ९८०६६५७४९४






**पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।**

**सम्पर्क : ०६५-५६३९०७**

www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com, newsbhanjyang@gmail.com

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा



**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ असार २४ बुधबार
July 08, 2026

# आदिकविमा यसै वर्षदेखि 'बीए राजनीति शास्त्र' अध्यापन सुरु हुने

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको प्रतिष्ठित तथा गुणस्तर सुनिश्चितता प्राप्त सामुदायिक शैक्षिक संस्था आदिकवि भानुभक्त क्याम्पसले यसै शैक्षिक सत्रदेखि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र संकायअन्तर्गत स्नातक तहमा 'बीए राजनीति शास्त्र' विषयको अध्ययन–अध्यापन सुरू गर्ने भएको छ। उच्च शिक्षाको दायरा विस्तार गर्दै समयानुकूल तथा रोजगारीमुखी शैक्षिक कार्यक्रम सञ्चालन गर्ने अभियान अन्तर्गत क्याम्पसले नयाँ विषय थप गरेको हो ।




क्याम्पसले लामो समयदेखि विद्यार्थी, अभिभावक तथा समाजको मागलाई ध्यानमा राख्दै नयाँ शैक्षिक कार्यक्रम सञ्चालनको तयारी गरेको थियो। संघीय शासन प्रणाली कार्यान्वयनसँगै स्थानीय, प्रदेश र संघीय तहमा सार्वजनिक प्रशासन, नीति निर्माण, सुशासन तथा लोकतान्त्रिक शासनसम्बन्धी ज्ञान भएका जनशक्तिको आवश्यकता बढ्दै गएको सन्दर्भमा राजनीति शास्त्र विषयको अध्ययन अझ सान्दर्भिक बनेको क्याम्पस प्रमुख महाप्रसाद हड्खलेले बताए।

'राजनीति शास्त्र कुनै दल विशेषको राजनीति अध्ययन गर्ने विषय मात्र होइन', क्याम्पस प्रमुख हड्खलेले भने, 'यो राज्य सञ्चालन प्रणाली, संविधान, सार्वजनिक नीति, अन्तर्राष्ट्रिय सम्बन्ध, नागरिक अधिकार, लोकतान्त्रिक अभ्यास र सुशासनलाई वैज्ञानिक रूपमा अध्ययन गर्ने विषय हो । यसले विद्यार्थीलाई नेतृत्व विकासदेखि नीति विश्लेषणसम्म सक्षम बनाउँछ।'

क्याम्पसका अनुसार राजनीति शास्त्र अध्ययन गरेका विद्यार्थीहरूले लोक सेवा आयोगअन्तर्गत निजामती, परराष्ट्र, प्रशासन तथा अन्य सरकारी सेवामा प्रतिस्पर्धा गर्न सहज हुने मात्र होइन, प्रदेश तथा स्थानीय सरकार, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार संस्था, अनुसन्धान केन्द्र, पत्रकारिता, शिक्षण तथा राजनीतिक विश्लेषणलगायत विविध क्षेत्रमा समेत करियर निर्माण गर्न सक्नेछन्।

पछिल्लो समय सार्वजनिक नीति, सुशासन, लोकतन्त्र, अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीतिक अध्ययनप्रति युवाको आकर्षण बढ्दै गएको अवस्थामा आफ्नै जिल्लामा यस्तो विषय अध्ययन गर्न पाउनु तनहुँसहित गोरखा, लमजुङ, स्याङ्जा र आसपासका जिल्लाका विद्यार्थीका लागि महत्वपूर्ण अवसर हुने विश्वास क्याम्पसले लिएको छ ।

**अभिमुखीकरण कार्यक्रम आयोजना गरिने**

नयाँ विषयबारे विद्यार्थी, अभिभावक तथा सरोकारवालालाई विस्तृत जानकारी गराउन क्याम्पसले छिट्टै नै बृहत् अभिमुखीकरण (ओरियन्टेसन) कार्यक्रम आयोजना गर्ने तयारी गरेको छ । उक्त कार्यक्रममा कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थी, स्थानीय विद्यालयका प्रधानाध्यापक तथा शिक्षक, जनप्रतिनिधि, बुद्धिजीवी, सञ्चारकर्मी तथा अभिभावकलाई आमन्त्रण गरी राजनीति शास्त्र विषयको पाठ्यक्रम, अध्ययनका अवसर, उच्च शिक्षा तथा रोजगारीका सम्भावनाबारे अन्तरक्रियात्मक प्रस्तुति गरिने जनाइएको छ ।

**चार दशकको शैक्षिक अनुभव**

करिब चार दशकदेखि गुणस्तरीय उच्च शिक्षा प्रदान गर्दै आएको आदिकवि भानुभक्त क्याम्पसले त्रिभुवन विश्वविद्यालयका विभिन्न शैक्षिक कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्दै आएको छ । गुणस्तर सुनिश्चितता प्राप्त क्याम्पसका रूपमा स्थापित यस संस्थामा अनुभवी प्राध्यापक, पर्याप्त भौतिक पूर्वाधार, समृद्ध पुस्तकालय, सूचना प्रविधिमैत्री शिक्षण वातावरण तथा विद्यार्थीमैत्री शैक्षिक प्रणाली उपलब्ध रहेको क्याम्पसले जनाएको छ ।

क्याम्पसले नयाँ शैक्षिक सत्रका लागि भर्ना प्रक्रिया समेत छिट्टै सुरु हुने जनाएको छ। भर्नासम्बन्धी विस्तृत जानकारी क्याम्पसको प्रशासन शाखा, आधिकारिक वेबसाइट तथा सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिनेछ। बीए राजनीति शास्त्र कार्यक्रम सञ्चालनसँगै आदिकवि भानुभक्त क्याम्पसले जिल्लामा उच्च शिक्षाको नयाँ आयाम थप्ने अपेक्षा गरिएको छ । सामाजिक विज्ञान, सार्वजनिक प्रशासन, नीति निर्माण, नेतृत्व विकास तथा अनुसन्धानमा रूचि राख्ने विद्यार्थीका लागि यो कार्यक्रम महत्वपूर्ण विकल्प बन्ने विश्वास क्याम्पसले व्यक्त गरेको छ।

# सात प्रतिशत आर्थिक वृद्धिलाई भरथेग गर्ने लक्ष्यसहितको मौद्रिक नीति सार्वजनिक

हिमाल लम्साल/काठमाडौं

सरकारले आगामी आर्थिक वर्षमा राखेको सात प्रतिशतको आर्थिक वृद्धिलाई भरथेग गर्ने गरी नेपाल राष्ट्र बैंकले लचिलो खालको मौद्रिक नीति ल्याएको छ । नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलले मंगलबार आगामी आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीति सार्वजनिक गर्दै सरकारले लिएको आर्थिक वृद्धिलाई सहयोग पुग्ने गरी मौद्रिक नीति ल्याएको बताउनुभयो।

गभर्नर पौडेलले बैंक तथा वित्तीय संस्थाले करिब रू ६० खर्ब बराबरको ऋण विस्तार गरेको उल्लेख गर्दै आगामी आवमा ११ प्रतिशत अर्थात छ खर्ब ५२ अर्ब ऋण विस्तार गरी सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्य पूरा गर्ने बताउनुभयो । साथै नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरूप्रसाद पौडेलले पनि आज पत्रकार आयोजित पत्रकार सम्मेलनमा सरकारले लिएका सात प्रतिशतको आर्थिक वृद्धिलाई सहयोग गर्ने गरी मौद्रिक नीति ल्याइएको बताउनुभयो । "सरकारले आगामी आर्थिक वर्षमा ल्याएको नीति कार्यक्रम र बजेटलाई भरथेग र सहयोग गर्ने गरी नै मौद्रिक नीति आएको छ, मौद्रिक नीतिले सरकारले राखेको उद्देश्य पूरा गर्नका लागि सहयोगी भूमिका खेल्नेछ", उहाँले भन्नुभयो ।

राष्ट्र बैंकले मौद्रिक नीतिमा कर्जाको सुरक्षण स्वरूप व्यक्तिगत जमानीबाट असीमित दायित्व सिर्जना हुने अवस्था हटाउने प्रावधानलाई प्राथमिकताको साथमा ल्याएको उल्लेख गरेको छ। प्रवक्ता पौडेलले यो प्रावधानले ऋणीलाई केही हदसम्म भएपनि सहज बनाउने बताउनुभयो।

मौद्रिक नीतिमा चेक अनादरका कारण कालोसूचीमा परी बैंकिङ सेवाको पहुँचमा बाधा पर्ने अवस्था कम गर्नेतर्फ पनि केही सहजीकरण गर्ने उल्लेख छ । चेक अनादरको कारणले कालोसूचीमा नभईकन फरक ढङ्गले कानुनी व्यवस्था गर्नाले उद्यमी तथा व्यवसायीलाई केही सहजता हुने प्रवक्ता पौडेलले बताउनुभयो । राष्ट्र बैंकले रूग्ण उद्योगलाई नयाँ योजना सोच र भिजनसहित अघि बढाउन चाहने कम्पनीलाई पनि प्रवर्द्धन गर्ने खालको नीति मौद्रिक नीतिमा अङ्गीकार गरेको छ । राष्ट्र बैंकका कार्यकारी निर्देशक डा सत्येन्द्र तिमिल्सनाले मौद्रिक नीतिमार्फत रूग्ण अवस्थामा रहेको उद्योगलाई नयाँ सोच र भिजनसहित फेरि सञ्चालन गर्ने कार्ययोजनासहित आउनेलाई प्रोत्साहन गर्नका लागि यो नीति ल्याएको बताउनुभयो । "रूग्ण उद्योगका निष्कृय कर्जाको व्यवस्थापनका साथै निष्कृय कर्जालाई पुनरूत्थान गर्न र संस्थालाई फेरि पहिलाकै अवस्थामा ल्याउनका लागि यो नीति ल्याएका हौं", उहाँले भन्नुभयो, "यो नीतिले एकातर्फ रूग्ण उद्योगमा बैंक तथा वित्तीय संस्थाको रकम उठ्ने र रूग्ण उद्योग फेरि सञ्चालनमा ल्याउने अवस्था सिर्जना हुनेछ ।"

राष्ट्र बैंकले संस्थाको सबलताका आधारमा शेयर धितो कर्जा सीमा निर्धारण हुने एवं सार्वजनिक सवारीका रूपमा प्रयोग हुने ठूला विद्युतीय सवारीसाधनको कर्जा मूल्य अनुपात सहजीकरण हुने गरी विशेष नीतिगत व्यवस्था गरेको छ । बैंक तथा वित्तीय संस्थालाई डिजिटलाइजेसनमार्फत वित्तीय लागत न्यून गराई सोको प्रतिफल ग्राहकमा हस्तान्तरण गरी उपभोक्ताले प्राप्त गर्ने सेवाको गुणस्तर अभिवृद्धि गर्दै लैजाने नीति मौद्रिक नीतिमा समावेश छ । साथै बैंक तथा वित्तीय संस्थाको वर्गीकरणका सम्बन्धमा भैरहेको अध्ययन सम्पन्न गरी सोही अनुरूप बैंक, वित्तीय संस्था तथा गैर बैंक तथा वित्तीय संस्थालाई लक्षित कार्यक्षेत्रमा सेवा विस्तार गर्न प्रोत्साहन गर्ने नियामकीय व्यवस्थाहरू क्रमशः लागू गर्ने नीति अङ्गीकार गरिएको छ ।

प्रवक्ता पौडेलले आगामी आर्थिक वर्षको मौद्रिक नीतिलाई तीन वटा फरक–फरक कागजपत्रका आधारमा प्रस्तुत गर्न खोजेको बताउनुभयो । "विगतका वर्षका मौद्रिक नीतिमा एकैठाउँमा सबैकुरा समावेश गरेर ल्याइने गरिन्थ्यो, तर आगामी आवको मौद्रिक नीतिमा भने तीन वटा फरक–फरक डकुमेन्टलाई छुट्टाछुट्टै ढङ्गबाट प्रस्तुत गरेर ल्याइएको छ", उहाँले भन्नुभयो । केन्द्रीय बैंकले आव २०८२/८३ को मौद्रिक नीतिको समीक्षा, 'म्याक्रो इकोनोमिक रिपोर्ट, एनालाइसिस एण्ड आउटलुक' र मौद्रिक नीति २०८२/८३ गरेर छुट्टाछुटै रूपमा ल्याएको छ । केन्द्रीय बैंकले आव २०८३/८४ मा पाँच दशमलव ५ प्रतिशतको हाराहारीमा मुद्रास्फीति र कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति कायम गर्दै ७० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न आवश्यक मौद्रिक तरलता र विदेशी विनिमय व्यवस्थापन गर्ने नीति अघि सारेको छ।

मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाको भारित औसत अन्तरबैंक दरलाई यथावत् राख्दै अन्तरबैंक दरलाई नीतिगत दरको हाराहारीमा कायम हुने गरी खुला बजार कारोबार सञ्चालन गर्ने नीति अघि सारेको छ। त्यस्तै गरी तरलताको प्रकृति हेरी संरचनागत तरलता र नियमित तथा आकस्मिक तरलता व्यवस्थापनका लागि भिन्न अवधिका उपकरणहरू प्रयोग गरिने मौद्रिक नीतिमा उल्लेख गरिएको छ । राष्ट्र बैंकले आगामी आवको मौद्रिक नीतिमा ब्याजदर करिडोर अन्तर्गतका नीतिगत दर स्थायी निक्षेप सुविधा दर एवं बैंकदरलाई यथावत राखेको छ। त्यस्तै गरी अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात एवं स्थायी तरलता सुविधासम्बन्धी विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको मौद्रिक नीतिमा उललेख गरिएको छ ।

**नेपाली बैंकले विदेशी बैंकको फण्डमा लगानी गर्न पाउने**

राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत पहिलो पटक विदेशी मुद्रा खरिदमार्फत हुने तरलता प्रवाह व्यवस्थापनलाई सहज बनाउन वाणिज्य बैंकहरूलाई विदेशी सरकारी ऋणपत्रमा लगानी गर्न प्रोत्साहित गरिनुका साथै विदेशी मुद्रा खरिदकै बखत 'स्टेरलाइन्ड इन्टरभेन्सन' गर्ने नीतिगत व्यवस्था गरेको छ । कार्यकारी निर्देशक तिमिल्सनाले नेपालका बैंक तथा वित्तीय संस्थाले विदेशका केन्द्रीय बैंकको सेक्युरिटी तथा बण्ड फण्डहरूमा लगानी गर्ने व्यवस्था गर्न लागिएको बताउनुभयो। राष्ट्र बैंकले व्यक्तिगत क्रेडिट स्कोरिङ प्रणालीमा आधारित 'पियर टु पियर' लेनदेन सञ्चालन गर्ने विषयमा आवश्यक अध्ययन गर्ने मौद्रिक नीतिमा समावेश गरेको छ । साथै नेपाल सरकारले जारी गरेका राष्ट्रिय प्रतिवद्धता, शासकीय सुधारसम्बन्धी १०० कार्यसूची एवं बजेट वक्तव्यमा उल्लेख भएका यस बैंकसँग सम्बन्धित कार्यक्रमहरू सम्बन्धित निकायसँगको समन्वयमा क्रमशः कार्यान्वयन गर्दै लैजाने मौद्रिक नीतिमा उल्लेख गरिएको छ ।

## facebook twitter



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

**विश्वविद्यालय सुधार**

विश्वविद्यालयमा परीक्षा र नतिजा तोकिएको समयमै हुनु आवश्यक छ। तर, यतिमै सुधार सीमित हुँदैन। मूल कुरा, ४–६ वर्ष विश्वविद्यालयमा अध्ययन गरेपछि विद्यार्थीले विषयवस्तुको गहिरो ज्ञान, बजारमा प्रतिस्पर्धा गर्न सक्ने आत्मविश्वास र समग्र बौद्धिक विकासको बलियो जग हासिल गर्नुपर्छ। यि कुरा बिनाको सिर्फ प्रमाणपत्रले अबको संसारमा काम दिंदैन।

वास्तवमा हरेक प्राध्यापकको मूल्याङ्कन विद्यार्थीले कति सिके भन्ने आधारमा पनि हुनुपर्छ। विश्वविद्यालयका स्नातकलाई "तपाईंको विश्वविद्यालय जीवनमा कुनै विषयको अत्यन्त प्रेरणादायी कक्षा वा तपाईंको सोचमा गहिरो प्रभाव पार्ने कुनै प्राध्यापक सम्झनुहुन्छ ?" भनेर सोध्दा "खै, त्यस्तो त..." भन्ने उत्तर आउनु विश्वविद्यालयका लागि चिन्ताको विषय हो ।



**Dilnisani Magar**
facebook.com/dilnisani.magar

कृषि युगमा जसको गाई, भैंसी, गोरू, भेडा, बाख्रा र जमिन धेरै हुन्थ्यो, त्यही ठूलो मान्छे हुन्थ्यो। दासयुगमा जसको नोकर, चाकर र सुसारे धेरै हुन्थे, त्यही ठूलो मान्छे हुन्थ्यो। औद्योगिक युगमा जसको कारखाना, मेसिन, सुन चाँदी, हिरा मोती, बैंकिङ पहुँच र वित्तीय स्रोत धेरै थिए, त्यही ठूलो मान्छे हुन्थ्यो। आज हामी डिजिटल युगमा छौं। फलोअर, सब्स्क्राइबर, लाइक, कमेन्ट र भ्युज जसको धेरै छन्, त्यही ठूलो मान्छे देखिने डर लाग्दो परिस्थिति बनेको छ।

फलोअर, सब्स्क्राइबर, लाइक, कमेन्ट र भ्युजका लागि कन्टेन्ट चाहिन्छ। यतिखेर नेपाली समाज थरीथरीका कन्टेन्टको बोझले थिचिएको छ। मान्छेहरू कन्टेन्टको खोजीमा चस्मादेखि हेल्मेटसम्म क्यामेरा फिट गरेर हिँडिरहेका छन्। कन्टेन्ट खोज्न हिँडेकाहरू काण्ड भेटाएर फर्किन्छन्। दरिद्रताले थिलथिलो बनेको नेपाली समाजमा अरूको चरित्रहत्या गरेर चर्चित हुने होड चलेको छ। बिहे हुनका लागि डाक्टर, पाइलट, प्रध्यापक होइन, बाइक राइडर, स्लो ट्राभलर र गेमर हुनुपर्ने समाज बनेको छ।

नेपाली समाज यतिखेर डिजिटल दुर्व्यसनमा फसेको छ। मोनिटाइजेसन भएर डलर पनि आउन थालेपछि त झन् इन्टरनेट प्लेटफर्महरूमा यौनजन्य गतिविधि सामान्य भएको छ। समय कटाउन दिनभरि मोबाइल हेरेर बस्ने दाँत फुक्लिएका चौरासी बाजे, बजैहरू पनि 'मु..जी' खा भन्दै भिडियो बनाउँछन्। मर्ने बेलामा त्यस्तो घिनलाग्दो कुरा खा भन्ने बाजे, बज्यैहरूलाई पनि चर्चित भएर मर्ने धोको छ। यसरी नेपाली समाजलाई डिजिटल सत्ताले मन्द विष पिलाइरहेको छ। हुन त नयाँ औषधि र नयाँ प्रविधिको सिकार नेपालजस्ता देशलाई नै बनाइन्छ।

# गण्डकी प्रज्ञा-प्रतिष्ठानको कुलपतिमा प्रा डा न्यौपाने

भञ्ज्याङ समाचारदाता/कास्की

गण्डकी प्रदेश सरकारले गण्डकी प्रज्ञा–प्रतिष्ठानको कुलपतिमा प्रा डा कुसुमकुमार न्यौपानेलाई नियुक्त गरेको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पर्वतको पैयुँ गाउँपालिका स्थायी घर भएका प्रा डा न्यौपानेलाई आज चार वर्षका लागि कुलपतिमा नियुक्त गरेका हुन् । प्रा डा न्यौपाने पृथ्वीनारायण क्याम्पसको नेपाली विभागका पूर्वविभागीय प्रमुख हुन। उनि नेपाली भाषा, साहित्य, गीत–सङ्गीत, कला र संस्कृतिका अध्येताका रूपमा परिचित छन् ।

लामो समयदेखि पदाधिकारीविहीन रहेको प्रतिष्ठानमा गण्डकी प्रज्ञा–प्रतिष्ठान ऐन, २०७६ को दफा ८(१) बमोजिम गठित सिफारिस समितिको सिफारिसका आधारमा साहित्य, भाषा, सङ्गीत, बाद्यवादन, चित्रकला, मूर्तिकला, चलचित्र, अभिनय, गायन, रचना, संस्कृति तथा लोकदोहोरीलगायत क्षेत्रको प्रतिनिधित्व हुने गरी २४ सदस्यीय प्राज्ञ सभाको गठन गरिएको छ ।

प्राज्ञसभा सदस्यमध्येबाट प्राडा न्यौपाने कुलपति, शंकर विरही गुरूङ (स्याङ्जा) उपकुलपति र मनकुमार श्रेष्ठ (तनहुँ) सदस्य–सचिव नियुक्त भएका छन् ।

प्राज्ञ सभा सदस्यमा कास्कीका अनुराग अधिकारी, गायत्री पराजुली, चोलेन्द्र पौडेल, पवित्रा घिमिरे, बाबुराम बस्ताकोटी, बालकाशी गुरूङ, रामभक्त जोजिजु, रामजीप्रसाद पौडेल र हरिमाया श्रेष्ठ, पर्वतका इन्द्रमान खत्री, कृष्णकुमार गुरूङ र शान्ति भुसाल, नवलपुरका ईश्वरीप्रसाद भुसाल र सञ्जु महतो थनेत, तनहुँका प्रा डा ईश्वरचन्द्र वाग्ले, टुकादेवी पौडेल आचार्य र शान्ता बाँस्तोला, स्याङ्जाका कमल पौडेल 'अथक', म्याग्दीका भूपेन्द्र बानियाँ, लमजुङका वसन्त अधिकारी तथा गोरखाका डा वीरेन्द्र पुडासैनी मनोनीत भएका छन् ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४